बागमती प्रदेश सरकार

उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय

# यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतीपत्र

एकान्तकुना, ललितपुर

मिति: २०८२/०५/२५

## लाइसेन्स सम्बन्धी Online सेवा लिने तरिका

- यस कार्यालयको हकमा बागमती प्रदेशको https://edlvrs.bagamati.gov.np/ मार्फत लाइसेन्स सम्बन्धी देहायका सेवाहरु प्राप्त गर्न सकिन्छ । हाल लाइसेन्स सम्बन्धी सेवाहरुको लागि आवेदकसँग राष्ट्रिय परिचय पत्र नं ,इमेल ठेगाना र आफ्नो नाममा दर्ता रहेको मोवाइल नं हुनुपर्दछ । हाल विकसित गरिएको प्रणाली मार्फत लाइसेन्स सम्बन्धि सेवाको आवेदन र राजश्व भुक्तानी अनलाइनबाट, स्वास्थ्य परिक्षण सेवा आफुलाई पायक पर्ने स्थानबाट सुचिकृत भएका चिकित्सकबाट लिन सकिनेछ भने कार्यालयमा लिखित र प्रयोगात्मक परिक्षामा सहभागीहुन मात्र आवेदक आउनुपर्नेछ ।

### क) लाइसेन्स नविकरण (License Renew)

हाल यस कार्यालयबाट जारी भएका लाइसेन्सको मात्र नवीकरण भैराखेको

- https://edlvrs.bagamati.gov.np/ मा जानुहोस ।
- Electronic Driving License छनौट गरि Continue गर्नुहोस ।
- License Renew मा क्लिक गर्नुहोस ।
- स्क्रिनमा देखिने फर्म भर्नुहोस ।
- आफुलाई पायक पर्ने चिकित्सकको सुचीबाट चिकित्सकलाई सम्पर्क गरी स्वास्थ्य परिक्षण गर्नुहोस ।
- स्वास्थ्य परिक्षण उतिर्ण भएको नतिजा चिकित्सकबाट अनलाइन सिस्टममा स्वीकृत गरी आवेदन कार्यालयमा स्वीकृतिको लागि पेश हुनेछ
- कार्यालयबाट आवेदन स्वीकृत । (आवेदक कार्यालयमा उपस्थित हुनु नपर्ने र Office Approval को अवस्था Application Tracking मार्फत जानकारी लिन सकिने )
- कार्यालयबाट आवेदन स्वीकृत पश्यात आवेदकलाई आवेदन स्वीकृत भएको सूचना ।
- प्रणालीबाट तोकिएबमोजिमको राजश्व अनलाइन मार्फत भुक्तानी ।
- https://printekantakuna.bagamati.gov.np/ मार्फत लाइसेन्स प्रिन्ट भए नभएको एकिन गरेपछि स्मार्ट लाइसेन्स लिन कार्यालयमा आउने ।

### ख) नया लाइसेन्स (New License )/वर्ग थप (Add Category)/रि-ट्रयाल(RE-Trial)

- https://edlvrs.bagamati.gov.np/ मा जानुहोस ।
- Electronic Driving License छनौट गरि Continue गर्नुहोस ।
- सम्बन्धित सेवामा क्लिक गर्नुहोस ।

२०८२/०५/२५

वरिष्ठ शाखा अधिकृत

बागमती प्रदेश सरकार

उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय


# यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतीपत्र

एकान्तकुना, ललितपुर

- स्क्रिनमा देखिने फर्म भर्नुहोस ।
- आफुलाई पायक पर्ने चिकित्सकको सुचीबाट चिकित्सकलाई सम्पर्क गरी स्वास्थ्य परिक्षण गर्नुहोस ।*(नया लाइसेन्स र वर्ग थपको हकमा मात्र )*
- स्वास्थ्य परिक्षण उतिर्ण भएको नतिजा चिकित्सकबाट अनलाइन सिस्टममा स्वीकृत गरी आवेदन कार्यालयमा स्वीकृतिको लागि पेश हुनेछ ।*(नया लाइसेन्स र वर्ग थपको हकमा मात्र )*
- कार्यालयबाट आवेदन स्वीकृत । (आवेदक कार्यालयमा उपस्थित हुनु नपर्ने र **Office Approval** को अवस्था **Application Tracking** मार्फत जानकारी लिन सकिने )
- कार्यालयबाट आवेदन स्वीकृत पश्यात आवेदकलाई आवेदन स्वीकृत भएको सूचना ।
- प्रणालीबाट तोकिएबमोजिमको राजश्व अनलाइन मार्फत भुक्तानी ।
- आफ्नो अनलाइन आवेदन लगइन गरी लिखित परीक्षाको मिति छनौट/निर्धारण । *(नया लाइसेन्सको हकमा मात्र)*
- तोकिएको मितिमा लिखित परिक्षा ।*(नया लाइसेन्सको हकमा मात्र)*
- तोकिएको मितिमा प्रयोगात्मक परिक्षा संचलान ।
- प्रयोगात्मक परिक्षा उतिर्ण भएका आवेदकहरुले अनलाइन मार्फत राजश्व भुक्तानी ।
- https://printekantakuna.bagamati.gov.np/ मार्फत लाइसेन्स प्रिन्ट भए नभएको एकिन गरेपछि स्मार्ट लाइसेन्स लिन कार्यालयमा आउने ।

ग) **हाल सम्म Trial Pass गरी राजश्व तिर्न बाकीहरुको हकमा राजश्व तिर्नुहुन सम्बन्धी सूचना ।**

- यस कार्यालय बाट ट्रायल पास (Trial Pass) गर्नुभएका तर राजश्व तिर्न बाँकी रहनुभएका सेवाग्राहीहरुले edlvrs.bagamati.gov.np वेबसाइट को **"Application Tracking"** मार्फत आफ्नो Applicant ID राखेर राजश्व अनलइन तिर्नुहुन अनुरोध छ । साथै Trial Pass को राजश्व तिर्न नमिलेका सेवाग्राहीहरुले आफ्नो Applicant ID कार्यालयमा सम्पर्क गरी यथासिघ्र टिपाउनुहुन अनुरोध छ ।




२०८३/०४/२७

वरिष्ठ शाखा अधिकृत